जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २०८ • २०८२ जेष्ठ ५ गते सोमवार • 19 May 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

# अभिभावक समूहको करेसावारीमा अर्गानिक तरकारी

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ४ जेष्ठ

अहिलेको समयमा अर्गानिक तरकारी पाउन मुस्किल छ । बढी उत्पादनका लागि विषादीयुक्त तरकारी उत्पादन गर्ने क्रम बढिरहेका बेला धनुषाको कमला नगरपालिका-२ सुन्दरपुरका अभिभावक शिक्षा समूहमा आवद्ध १६ जना महिलाहरुले करेसावारीमा अर्गानिक तरकारी उत्पादन गरिरहेका छन् ।



उनीहरुले बारीमै बोरी, गोलभेडा, खुर्सानी, लौका, फर्सी, कुरिलो, घिरौला, साग, काक्रो, भन्टा लगायतको तरकारी फलाइरहेका छन् । रासायनिक मल बिना फलेको तरकारीले उनीहरुको घरको आवश्यक्ता पूरा भएको छ। करेसावारीमा तरकारी फल्न थालेपछि बजार चहार्नु नपरेको स्थानीय मंजुकुमारी दासले बताइन्। मंजुले बारीमै लगाएकाले ताजा ताजा टिपेर खान पाएकोमा खुशि व्यक्त गरिन् । मंजु जस्तै परमेश्वरी देवी दासले पनि बारीमा विभिन्न तरकारी फलाएकी छन्। उनलाई पनि परिवारलाई चाहिने जति तरकारी बारीमै उत्पादन हुँदा बजार जानुपर्ने झन्झट छैन्। मंजु, परमेश्वरी जस्तै सुन्दरपुर अभिभावक शिक्षा समूहमा आवद्ध १६ जना महिलाले आफ्नो करेसावारीमा तरकारी फलाएका छन् । रासायनिक मल विना पनि कुरिलो लटर्रम फलाएर हर्षित रितादेवी दासले अब व्यवसायिक रुपले नै तरकारी खेती गर्ने योजना बनाएकी छन् ।

उनीहरुलाई अर्गानिक खेतीतर्फ आकर्षित गर्न बालिका सशक्तीकरण (जीएसएस) परियोजनाले सघाएको छ। प्लान इन्टरनेशनल नेपालको साझेदारीमा सपोर्ट नेपालले संचालन गरेको उक्त परियोजना अन्तर्गत गर्भवती अवस्थामा स्याहार, पोषणयुक्त खानेकुरा, स्वास्थ्य जाँच, खोप, सरसफाई लगायतको क्रियाकलाप संचालन गरिएको छ । गर्भवती अवस्थामै पोषणयुक्त खानाका लागि अर्गानिक तरकारी लगाउनका लागि कृषि उपकरणहरु कोदालो, खुर्पी, हँसिया, हजारी, स्प्रे सुन्दरपुर अभिभावक शिक्षा समूहका १६ जना सदस्यलाई उपलब्ध गराएको सपोर्ट नेपालका अनुगमन तथा मुल्यांकन अधिकृत अनिलकुमार साहले बताए। उनीहरुले लगाएको करेसावारी लगायत कमला नगरपालिका वडा नम्बर १ र २ मा संचालित क्रियाकलापहरुको आइतबार संयुक्त अनुगमन गरिएको छ ।

नगर प्रमुख विशेश्वर यादवको नेतृत्वमा गएको संयुक्त अनुगमन टोली अभिभावक समूहले लटर्रम फलाएको खुर्सानी, कुरिलो, घिरौला, भन्टा देखेर हर्षित भएका थिए । जैविक मल र विषादीको प्रयोग गरिएकाले तरकारी शुद्ध अर्गानिक रहेको छ । यस्तो तरकारीले स्वास्थ्यमा प्रतिकूल असर नपार्ने भएकाले किसानहरुले पनि अर्गानिक तरकारी खेती गर्नुपर्ने धारणा नगर प्रमुख यादवले राखेका थिए । महिलाहरुले करेसावारीमा लगाएको अर्गानिक तरकारी लोभलाग्दो रहेको नगर प्रमुख यादवले थपे। 'पहिलेदेखि प्रांगारिक मलको प्रयोग गरेकाले हालसम्म रासायनिक मलको प्रयोग गरेका छैनौं,' गायत्री देवी दासले भनिन, 'थोरै जग्गामा पनि लगाएको तरकारीले परिवारको आवश्यक्ता पूरा भएको हो । तरकारीमा रोग लागेमा जैविक विषादीको रूपमा असुरो, निम, बकाइनोजस्ता अर्गानिक विषादी प्रयोग गर्छौं, उनले भनिन-ड्राममा विषादी आफैले तयार गरेका छौं । कमला नगरपालिका-१ मंगराहाका युवाहरुलाई पनि जीएसएस परियोजना अन्तर्गत संगठित पारिएको छ ।

अमरेश कुमार ठाकुरको अध्यक्षतामा १५ सदस्यीय सरस्वती युवा क्लव गठन गरिएको छ । सामाजिक रुपान्तरणमा सकारात्मक भूमिका निर्वाह गर्ने उद्येश्यले युवाहरुलाई संगठित गरिएको सपोर्ट नेपालका फिल्ड सुपरभाइजर बेचन सिंहले जानकारी दिए । ६ महिना अघि मात्र गठन गरिएको क्लवलाई क्रिकेट, फुटवल, बेडमिन्टन लगायतको खेल सामग्री सहयोग गरिएको सपोर्ट नेपालका अनुगमन तथा मुल्यांकन अधिकृत साहले बताए ।

अनुगमन टोलीमा कमला नगरपालिका वडा नं. १ का वडाध्यक्ष सरतदेव यादव, वडा नं. २ का वडाध्यक्ष ठकु यादव, स्वास्थ्य संयोजक रामकुमार ठाकुर, महिला तथा बालबालिका शाखाका कमलीकुमारी यादव, वडा नं. २ का स्वास्थ्य चौकीका मिराकुमारी मण्डल, सपोर्ट नेपालका उपाध्यक्ष सुनिलकुमार मल्लिक, सदस्य गंगाप्रसाद साह, सूचना अधिकारी प्रकाश ठाकुर, अनुगमन तथा मुल्यांकन अधिकृत अनिल कुमार साह, फिल्ड सुपरभाइजरहरु बेचन सिंह, आशिष सिंह दनुवार, रोजी सिंह लगायतको सहभागिता रहेको थियो ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
Super 81 Scholarship Scheme
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer

33 Years of Academic Excellence




नियमित रूपमा स्वास्थ्य जाँच गरौं ।

***नियमित स्वास्थ्य परीक्षण किन ?***

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्था नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

***त्यसैले,***

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# शिक्षालयलाई दुषित नगरौं

शिक्षा मानव जीवनको आधारशिला हो तर महोत्तरीको बर्दीबास नगरपालिका-१२, बिजलपुराको जुरी बजारमा अवस्थित जुरीमाई जनता आधारभूत विद्यालयपरिसर 'पाठशालाबाट मधुशाला' मा परिणत हुँदा दलित, गरिब तथा विपन्न बालबालिकाको लागि अस्वस्थकर बन्न पुगेको छ। विद्यालयको उचित शैक्षिक व्यवस्थापन नहुँदा स्कुल परिसर जाँडरक्सी पिउने, जुवातास खेल्ने, चुरोट खाने र गुट्का थुक्ने अड्डा बनेको छ। विद्यालयपरिसरको घेरबार नहुँदा गाईवस्तु स्कुलमै प्रवेश गर्ने गरेको छ। करिब १० कट्ठामा फैलिएको स्कुलको पूर्व र दक्षिणपट्टि घेरबार नहुँदा पाठशाला मधुशालामा परिणत भएको छ।

यस विद्यालयको वरपर भएका नागरिक जमाज तथा प्रहरी प्रशासनको कमजोरीका कारण त्यस विद्यालयको अवस्था मधुशालामय बनेको देखिन्छ। स्थानिय पालिकाको प्रमुख तथा वडाध्यक्ष समेतको मिलोमतो रहेको देखिन्छ। किनभने यस किसिमको अनुशासनहीनताको प्रकाष्ठा नाँघनु कहि न कहि आफ्नै ठूलो गल्ती रहेको देखिन्छ। यस किसिमको कार्यलाई सामाजिक सेवामुलक संघसंस्था तथा स्थानीय नेता तथा अगुवाहरुले यसको विरोध गर्नुका साथै यसको स्थायी समाधानको लागि पहल गर्न आवश्यक रहेको देखिन्छ। किनभने विद्यालय भनेको सरस्वतीको मन्दिर हो। मन्दिर पवित्र तथा सफा रहनु पर्दछ। विद्यालयको प्रमुख उद्देश्य स्थानिय बालबालिकालाई संस्कारयुक्त शिक्षा दिनुको साथै सामाजिक कुरितिहरु हटाउनु हो। शिक्षालयलाई दुषित हुनबाट बचाउने सबैको काम हो।

# लक्कडका अग्नी पीडितलाई सपोर्टको सहयोग



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ४ जेष्ठ**

धनुषाको कमला नगरपालिका-५ का अग्नी पीडितलाई सपोर्ट नेपालले राहत सामग्री वितरण गरेको छ। आइतबार बिहान घटनास्थलमै पुगेका सपोर्ट नेपालका पदाधिकारी र कर्मचारीहरुको टोलीले अग्नी पीडितलाई राहत सामग्री वितरण गरेको हो।

कमला नगरपालिकाका नगर प्रमुख विशेश्वर यादवले पीडितलाई सो सामग्री हस्तान्तरण गरेका छन्। राहत सामग्री हस्तान्तरण गर्दै नगर प्रमुख यादवले अग्नी पीडितलाई तत्काल घर निर्माण गर्न जस्तापाता लगायतको सामग्री सहयोग गर्ने जानकारी दिएका थिए।

राहत सामग्रीमा झुल थान एक, गमछा थान एक, त्रिपाल थान एक, लुगा धुने साबुन, नुहाउने साबुन, ब्रस चार वटा, च्युरा २ किलोग्राम, टुथपेष्ट एक वटा, तन्ना एक थान र बिस्कुट एक दर्जन रहेको छ। ९ जना अग्नीपीडितलाई राहत सामग्री वितरण गरिएको सपोर्ट नेपालका सूचना अधिकारी प्रकाश ठाकुरले बताए। वडा नम्बर २ का वडाध्यक्ष ठकाई यादव, स्वास्थ्य संयोजक रामकुमार ठाकुर, सपोर्ट नेपालका उपाध्यक्ष सुनिल कुमार मल्लिक, सदस्य गंगा प्रसाद साह, बालिका सशक्तीकरण परियोजना (जीएसएस) का अनुगमन तथा मुल्यांकन अधिकृत अनिल कुमार साह, फिल्ड सुपरभाइजर बेचन सिंह, आशिष सिंह दनुवार, रोजी सिंह लगायतको उपस्थिति रहेको थियो।

गएको बैशाख २७ गते दिउँसो ग्यास लीक भएर आगलागी हुँदा कमला नगरपालिका-५ लक्कड टोलका डेढ दर्जन घर जलेर खरानी बनेको थियो। स्थानीय श्रवण सहनीको घरमा लागेको आगो सल्केर रामकुमार सहनी, जीतेन्द्र सहनी, दिलिप सहनी, सीताराम सहनी, बिहारी सहनी र सोनेलाल सहनीको घरसम्म फैलिएको थियो। स्थानीयले आगो नियन्त्रणमा लिने प्रयास गरेपनि उनीहरुको घरमा रहेको चल अचल गरी करिब ७० लाखको सम्पत्ति जलेर नष्ट भएको थियो। आगलागीबाट घरबिहीन भएका सातै परिवारलाई कमला नगरपालिकाले तत्काल त्रिपाल लगायतको राहत सामग्री उपलब्ध गराएको थियो। लगत्तै नेपाल रेडक्रस सोसाइटी धनुषा र प्लान इन्टरनेशनल नेपालले पनि अग्नी पीडितलाई राहत सामग्री वितरण गरेको थियो।

# खबरदारी सभा आयोजना




**जलेश्वरटुडे समाचारदाता**
**विरगंज, ४ जेष्ठ**

जनता समाजवादी पार्टी नेपालले हालै गठन गरेको केन्द्रीय परिसंघले देशको सबै उत्पीडित समुदायलाई समेटेर बृहत् अन्तरक्रियासहितको खबरदारी सभा आयोजना गरेको छ।

शनिबार दिउँसो वीरगन्जको टाउन हालमा आयोजित उक्त सभालाई प्रमुख वक्ता जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले उद्घाटन गरेका हुन्। जसपा नेपालले नागरिक अधिकार, समानता, स्वतन्त्रता र सामाजिक न्यायका लागि संयुक्त संघर्ष गर्ने उद्देश्यले केन्द्रीय परिसंघको ब्यानरमा बृहत् अन्तरक्रियात्मक खबरदारी सभा आयोजना गरेको हो।

परिसंघको आयोजनामा भइरहेको उक्त कार्यक्रममा दलित, थारु, महिला, आदिवासी जनजाति, पिछडावर्ग, मुस्लिम र अल्पसंख्यक समुदायसँग सम्बन्धित नेतृत्व, संघ-संस्था तथा व्यक्तित्वहरूको सक्रिय सहभागिता रहेको छ। परिसंघको कार्यदिशा, आगामी कार्यभार र उद्देश्यहरू समेटिएको ३५ बुँदे अवधारणापत्र सार्वजनिक गरिएको छ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
– आमा बाबु उमेर आदिको वैधानिक प्रमाण हुने।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
– नाता कायम गर्न सजिलो पर्ने।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने।
– आवासको व्यवस्था गर्न सजिलो हुने।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं।

**गोलबजार नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिरहा, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: मित्रतामा फाटो आउने
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक चिन्ता
कन्या: अनावश्यक खर्चको संभावना
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: लामो यात्राको योग छ
धनु: खानपानमा समस्या आउने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्बरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भारत र पाकिस्तानबीच युद्धविरामबारे आज वार्ता नहुने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ जेष्ठ



भारत र पाकिस्तानबीच आज सैन्य वार्ता नहुने भएको छ। भारत र पाकिस्तानको सैन्य अपरेशन महानिर्देशक (डाइरेक्टरल जनरल मिलिट्री अपरेशन्स, डीजीएमओ) बीच वार्ता हुने जनाइएको थियो।

तर भारतीय सेनाले गत मे १२ तारिखमा दुई देशबीच भएको वार्तामा सहमति भएको युद्धविरामको लागि कुनै अन्तिम मिति तय नभएको बताएको छ। भारतीय सेनाले यो सम्झौता अगाडि पनि जारी रहने बताएको छ। यसैबीच डीजीएमओ लेफ्टिनेन्ट जनरल राजीव घईले अपरेशन सिन्दूर शुरु भएपछि पाकिस्तानी आतंकवादीहरुको अखाडामा आक्रमण गर्ने चेतावनी पाकिस्तानलाई दिइएपछिमात्र आक्रमण गरेको बताएका छन्। कांग्रेस नेता राहुल गान्धीले विदेशमन्त्री डा एस जयशंकरमाथि आक्रमण गर्नुअघि नै पाकिस्तानमाथि आक्रमण गर्दैछौं भनेर भन्नु अपराध भएको बताएका थिए।

सो आरोपमा घईले भने, 'अपरेशन शुरू भएपछि हामीले पाकिस्तानलाई आतंकवादी अड्डाहरूमा आक्रमण गर्ने चेतावनी दिएका थियौं। पाकिस्तानले वार्ता गर्न अस्वीकार गर्‍यो र बदलाको धम्की दियो।' विदेश मन्त्रालयले पनि राहुलको आरोपमा स्पष्टीकरण दिँदै भनेको छ, 'विदेशमन्त्री एस जयशंकरको भनाइलाई गलत तरिकाले प्रस्तुत गरिएको छ। उहाँले अपरेशन भएपछिको बारेमा कुरा गर्नुभएको हो पहिले होइन।' लोकसभामा गान्धीले शनिबार अपरेशन सिन्दूरबारे भनेका थिए, 'हाम्रो आक्रमणको शुरुआतमा पाकिस्तानलाई जानकारी दिनु अपराध हो।'

# रानी बन्ने भइन् सुहानाकी आमा, शाहरुख खान हत्याराको भूमिकामा



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ जेष्ठ

यतिबेला बलिउडका बादशाह शाहरुख खान आगामी फिल्म 'किङ'का कारण चर्चामा छन्। यस फिल्ममा शाहरुखको साथमा रानी मुखर्जी र दीपिका पादुकोण पनि देखिँदैछन्। सिद्धार्थ आनन्दको डेब्यू निर्देशनमा बन्न लागेको यो फिल्म स्टार कास्टका कारण यसअघि नै निकै चर्चामा छ। समाचारमा जनाइएअनुसार रानी फिल्ममा लामो 'केमियो'मा देखिँदै छिन्। यसमा उनले शाहरुखकी छोरी सुहाना खानको आमाको भूमिका निभाउँदैछिन्। रानी र शाहरुखले यसअघि पनि निकै फिल्ममा काम गरिसकेका छन्। लामो समयपछि यो जोडीको एक्सन थ्रिलर फिल्म आउन लागेको हो। तर यसअघि भने सुहानाको आमाको भूमिकामा दीपिका देखिन सक्ने चर्चा चलेको थियो। फिल्ममा शाहरुख एक हत्याराको भूमिकामा देखिँदैछन्।

अभिषेक बच्चन र दीपिका फिल्ममा नकारात्मक भूमिकामा छन्। फिल्मको सुटिङ मे २० देखि मुम्बईमा सुरु हुँदै छ। यसपछि फिल्मको छायांकन युरोपका अरू कैयौं स्थानमा हुने बताइएको छ। निर्माताहरूले यो फिल्म सन् २०२६ को अक्टोबर-डिसेम्बरको बिचमा रिलिज गर्ने योजना बनाएका छन्।

# अमेरिकी डलरको भाउ स्थिर, यस्तो छ विदेशी मुद्राको विनिमय दर



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ जेष्ठ

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३६ रुपैयाँ ५२ पैसा र बिक्रीदर १३७ रुपैयाँ १२ पैसा कायम भएको छ। शनिबार पनि यही दर नै रहेको थियो। युरोपियन युरो एकको खरिददर १५२ रुपैयाँ ९२ पैसा र बिक्रीदर १५३ रुपैयाँ ५९ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८१ रुपैयाँ ५० पैसा र बिक्रीदर १८२ रुपैयाँ ३० पैसा, स्वीस फ्याङ्क एकको खरिददर १६३ रुपैयाँ ११ पैसा र बिक्रीदर १६३ रुपैयाँ ८२ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ६० पैसा र बिक्रीदर ८७ रुपैयाँ ९९ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रुपैयाँ ७७ पैसा र बिक्रीदर ९८ रुपैयाँ २० पैसा तथा सिङ्गापुर डलर एकको खरिददर १०५ रुपैयाँ १२ पैसा र बिक्रीदर १०५ रुपैयाँ ५९ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ३८ पैसा र बिक्रीदर नौ रुपैयाँ ४२ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ९५ पैसा र बिक्रीदर १९ रुपैयाँ ०३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ४० पैसा र बिक्रीदर ३६ रुपैयाँ ५६ पैसा तथा कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ४६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ६२ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिदर चार रुपैयाँ १० पैसा र बिक्रीदर चार रुपैयाँ १२ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ १७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ७८ पैसा र बिक्रीदर ३१ रुपैयाँ ९२ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ७८ पैसा र बिक्रीदर नौ रुपैयाँ ८२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ९९ पैसा र बिक्रीदर १४ रुपैयाँ ०५ पैसा तथा डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ ५० पैसा र बिक्रीदर २० रुपैयाँ ५९ पैसा तोकिएको छ।

# एमाले र माओवादीका एक सय पाँच जना कांग्रेस प्रवेश

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ४ जेष्ठ



धनुषाको मिथिला नगरपालिका-९ का एक सय पाँच जना नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। नेपाली कांग्रेसको संगठन विस्तार अभियान अन्तर्गत वडा नम्बर-९ मा आयोजित पार्टी प्रवेश कार्यक्रममा नेकपा एमाले र माओवादीका कार्यकर्ता पार्टी परित्याग गरि कांग्रेसमा प्रवेश गरेका हुन्।

नवप्रवेशीलाई नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले अबिर र गम्छा ओढाएर पार्टीमा स्वागत गरेका छन्। पार्टीमा स्वागत गर्दै पूर्व खानेपानी मन्त्री समेत रहेका नेता यादवले जनताको विश्वास र समर्थनले कांग्रेस सशक्त बन्दै गएको बताए। "अब जनताले विकल्पको खोजी गरिरहेका छन्, नेता यादवले भने- त्यही कारण हाम्रो पार्टीप्रति पुनः आकर्षण बढेको छ। सहमहामन्त्री यादवले भने, "जनताको भरोसा जित्दै कांग्रेस लोकतन्त्र, विकास र सामाजिक न्यायको बाटोमा अघि बढ्छ।" कार्यक्रममा बोल्दै सहमहामन्त्री यादवले पार्टीमा प्रवेश गर्ने सबै कार्यकर्तालाई संगठनमा क्रियाशील भएर काम गर्न आग्रह गरे।

"तपाईंहरूजस्ता सचेत, अनुभवी कार्यकर्ताको आगमनले कांग्रेस अझ सशक्त र गतिशिल हुनेछ," यादवले भने, "हामी पार्टीको झण्डामुनि एक भएर देशको विकास र सामाजिक रूपान्तरणमा लाग्नेछौं।" पार्टीका वडा सभापति उपेन्द्र महतोको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्यद्वय कुमरकान्त झा र अन्जना पण्डित, मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतो, वडाध्यक्ष रामबहादुर स्याङ्दन लगायत कांग्रेसका विभिन्न तहका नेता कार्यकर्तासहित स्थानीयको उपस्थिति रहेको थियो।



सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिरहा, मधेश प्रदेश नेपाल



# मात्र एक प्रश्न– अब के हुन्छ ?

किशोर नेपाल वरिष्ठ पत्रकार हुन्। उनी साहित्यका अलवा राजनीति र समाजका विविध आयामबारे लेख्छन्। उनको 'मेरो समय', 'मिडिया:सिद्धान्त, सूत्र र प्रयोग', 'नेपालका निधि' जस्ता पुस्तक प्रकाशित छन् । २०४६ को जनआन्दोलनले आपसी सहमतिका आधारमा राजा र संसद्लाई एकै ठाउँमा राखेको थियो। तर, यो परिवर्तन प्रभावकारी भएन । राजाका सल्लाहकारका रूपमा रहेका भारदारहरू राजाको 'सुषुप्त अधिकार' फिर्ता लिने दाउपेचमा लागे । बानेश्वरको एउटा बिस्ट्रोमा शनिबार बिहान एक जना युवा मोबाइल खेलाएर बसिरहेको थियो । सम्भवत: फोनमा ऊ युट्युब च्यानल हेर्दै थियो। च्यानल हेर्दाहेर्दै, निमेषमा ऊ मुस्कुराउँथ्यो र निमेषमा उसको अनुहार अँध्यारो हुन्थ्यो ।

एकछिनपछि उसको साथी आयो र सोध्यो, 'के भन्छ त तेरो युट्युबे ज्योतिष ?' मोबाइल टेबलमा राखेर हँसिलो पारामा उसले जवाफ दियो- भन्न त के-के भन्छ भन्छ । मेरो त कोही दुस्मन पनि छैनन् । तर, ऊ भन्छ, 'तेरा सबै दुस्मन हार्छन् । खालि सात दिनमा तँ लखपति बन्छस् भन्छ । तर, त्यसले भनेको अहिलेसम्म सुको मिलेको छैन ।' भन्दै गर्दा उसको अनुहारमा गहिरो निराशा फैलियो । उसले साथीलाई सुनायो, 'बालाई मनाएर सहकारीमा घरजग्गा धितो राखेर पाँच लाख रुपैयाँ लिएर आएको वैदेशिक रोजगारीमा जान । तीन लाख पचास हजार रुपैयाँ एजेन्टलाई बुझाएको पनि दुई महिना भइसक्यो । भिसा कहिले झर्ने हो, अत्तोपत्तो छैन...।'

यो कुनै सिनेमाको डायलग होइन । त्रिभुवन विमानस्थल नजिकका बस्तीहरूमा बग्रेल्ती खुलेका रेस्ट्रो र बिस्ट्रोहरूमा यस्ता युवाहरू सयमा होइन, हजारौंको संख्यामा भेटिन्छन् । उनीहरू भिसाको प्रतीक्षामा हुन्छन् । भिसा जहाँको भए पनि हुन्छ: दुबई, कतार, साउदी, पलाउ, मोरिटानिया । तर, भिसा आउने कुनै ग्यारेन्टी हुँदैन । त्यो एक सातामा आउन पनि सक्छ । एक वर्ष पनि लाग्न सक्छ । सरकारले रोजगारीका लागि विदेश जाने अनुमति दिए पनि ग्यारेन्टी कसैको लिँदैन । सरकारको अनुमति लिएर बग्रेल्ती खुलेका म्यानपावर कम्पनी सटर बन्द गरेर कति भागेका छन् । कति भाग्न पनि सक्छन् । नेपाल हो, यहाँ जे पनि हुन सक्छ भन्ने त भाष्य नै बनिसकेको छ । यो मानवीय दुर्दशा कति लामो चल्ने हो ? कसैले भन्न सक्दैन । यो बेथितिको जिम्मेवारी सरकारले लिन सक्दैन । सरकारले आफूलाई म्यानपावर कम्पनी खोल्न अनुमति दिने र वैदेशिक रोजगारबाट कमाएको रकमको विवरण प्रकाशित गर्ने तहसम्म मात्र सीमित गरेको छ । सरल भाषामा भन्दा सरकार र म्यानपावर कम्पनीहरू साझेदारीमा चलेका छन् । त्यो साझेदारीलाई राजनीतिक नेतृत्वले संरक्षण दिँदै आएको छ । राजनीतिक संरक्षणबिना त्यस्ता कम्पनीहरू चल्न सक्दैनन् भन्ने सबैलाई थाहा छ । नेपालका नेतालाई विकासविरोधी भन्न मिल्दैन । न त उनीहरूको नियतमा नै शंका गर्न मिल्छ । उनीहरूको काम पूरै गलत छ भन्न सकिने आधार पनि छैन । यत्ति मात्र हो, सत्ताको वृत्तमा आइसकेपछि उनीहरू मनमा 'अलिकति लोभ जगाइदिने' र त्यसका लागि 'अलिकति पाप गर्न लगाउने' संकीर्ण स्वार्थको घेरामा घेरिए ।

संसारमा परिवर्तनहरू भइराखेका हुन्छन् । नेपालमा पनि सानातिना परिवर्तन सधैं भइराखेका नै छन् । दुई दशकसम्म राजाको नेतृत्वमा चलेको निर्दलीय पञ्चायत पनि सुधारिएकै थियो, २०३६ सालपछि । त्यसपछि 'सुधारिएको' निर्दलीय पञ्चायत व्यवस्थाका विरुद्ध भएको २०४६ को जनआन्दोलनले आपसी सहमतिका आधारमा राजा र संसद्लाई एकै ठाउँमा राखेको थियो ।



तर, यो परिवर्तन प्रभावकारी भएन । राजाका सल्लाहकारका रूपमा रहेका भारदारहरू राजाको 'सुषुप्त अधिकार' फिर्ता लिने दाउपेचमा लागे । यता, नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) लगायतका राजनीतिक दलहरूको नेतृत्वमा 'लघुताभाष' उत्पन्न भयो । २०४६ देखि २०५६ सम्म, एक दशकको अवधिमा, राजा र संसद्बीचको सम्बन्ध बरालिन थाल्यो । २०४८ सालमा भएको संसदीय चुनावमा नेपाली कांग्रेसको विजयपछि सरकारको एकमना नेतृत्व गर्ने अवसर पाउनुभएका कांग्रेसका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइरालाले पार्टीभित्र चलेको सत्ता राजनीतिको विवाद समाधान गर्ने उद्देश्यले मध्यावधि चुनावको घोषणा गर्नुभयो । प्रधानमन्त्री कोइरालालाई लागेको थियो- चुनावपछि पार्टी र संसद्मा एकल नेतृत्वको स्थापना हुनेछ । उहाँको आशाका विपरीत चुनावमा कांग्रेसको नराम्रो पराजय भयो । प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले पनि सरकार बनाउन चाहिने स्पष्ट बहुमत ल्याउन सकेन । पञ्चायतका नेताहरूको संगठन राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थितिमा निकै सुधार आयो । जे भए पनि, २०५१ को मध्यावधि चुनावपछि, एमालेका अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार बन्यो । यो सरकारले गरेको संसद् विघटन संविधानसम्मत नभएको भन्दै यसका विरुद्ध नेपाली कांग्रेसले सर्वोच्च अदालतमा मुद्दा दायर गऱ्यो । सर्वोच्चले संसद् विघटनलाई अस्वीकार गरिदियो । लगत्तै अविश्वास प्रस्ताव पारित भएपछि अधिकारी पदमुक्त भए । त्यसपछि, कांग्रेसका संसदीय दलका नेता शेरबहादुर देउवाको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र पार्टी सम्मिलित गठबन्धन सरकार बन्यो । समानान्तरमा नेपाली राजनीतिको तेस्रो शक्तिका रूपमा स्थापित हुँदै गएको माओवादीको हिंसात्मक 'जनआन्दोलन' सुरु भयो । यस्तो राजनीतिक अवस्था किन र कसरी आयो ? अहिलेसम्म यो रहस्यको उद्घाटन हुन सकेको छैन । जनताले २०४८ को चुनावपछि देशको आर्थिक, सामाजिक र राजनीतिक अवस्थामा जे जस्तो सुधार आउने सोचेका थिए, त्यो हुन सकेन । जनआन्दोलनले राजाको प्रत्यक्ष शासनको अन्त्य गऱ्यो ।

साभार : कान्तिपुर ।


## घर भाडामा चाहियो

जनकपुरधाम परिक्रमा सडकभित्र २ देखि ४ कटठा जग्गामा नीजि विद्यालय संचालन गर्नको लागि खाली खेल मैदान,बस पार्किंग सहितको कम्तिमा १० वटा पक्की कोठे भवन भएको जग्गाधनीले तलको मोबाइलमा तुरुन्त सम्पर्क गर्न जानकारी गराइन्छ ।

सम्पर्क : ९८२४८७७६२७,९८४४०२७९७१





अनुरोधकर्ता
धनगढीमाई नगरपालिका
सिरहा, मधेश प्रदेश







अनुरोधकर्ता
लहान नगरपालिका
सिरहा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday